# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ७२ | काठमाडौं | शनिबार, २० असार २०८३ | Prabhab National Daily | Saturday, 4 July 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-


## प्रधानमन्त्रीको कार्यशैलीमा आङ्देम्बेको असन्तुष्टि




■ प्रभाव संवाददाता

काठमाडौं– प्रमुख विपक्षी नेता तथा संवैधानिक परिषद्का सदस्य भीष्मराज आङ्देम्बेले निर्वाचन आयोगको रिक्त प्रमुख आयुक्त र आयुक्त सिफारिस प्रक्रियामा प्रधानमन्त्री तथा संवैधानिक परिषद्का अध्यक्ष वालेन्द्र शाहले अपनाएको कार्यशैलीप्रति गम्भीर असन्तुष्टि जनाएका छन् । उनले संवैधानिक निकायमा नियुक्ति गर्दा परिषद् सदस्यहरूसँग संवादको शैली अपनाउनुपर्नेमा त्यसो नगरिएको भन्दै प्रधानमन्त्रीको शैलीप्रति सैद्धान्तिक असहमति जनाए ।

परिषद्को शुक्रबार बसेको बैठकमा आङ्देम्बेले संवेदनशील संवैधानिक निकाय निर्वाचन आयोग लामो समय रिक्त रहन नहुने तर नियुक्तिको प्रक्रिया अघि बढाउनुअघि परिषद्का सदस्यहरूसँग पर्याप्त छलफल हुनुपर्नेमा जोड दिए । 'निर्वाचन आयोगजस्तो संवैधानिक निकाय रिक्त राख्नु हुँदैन, त्यसमा मेरो पनि सहमति छ,' उनले प्रधानमन्त्री शाहलाई भने, 'तर, तपाईंको जुन खालको शैली छ, त्यसमा सैद्धान्तिक असहमति त छँदै छ । प्रमुख आयुक्तसँगै आयुक्त सिफारिस गर्ने विषयमा यसअघि नै छलफल गर्नुपर्थ्यो । त्यसो नगरेकोमा मेरो घोर आपत्ति छ ।'

आङ्देम्बेको यस्तो असन्तुष्टिपछि प्रधानमन्त्री शाहले आफूले व्यक्तिगतरूपमा संवादको प्रयास गरेको दाबी गरे । 'मैले छुट्टाछुट्टै संवाद गर्न खोजेको थिएँ । श्रीमान् (प्रधानन्यायाधीश)सँग पनि कुरा गर्न खोजेको थिएँ । तर बाहिर पत्रकारहरूले उल्टो अर्थ लगाउने रहेछन्,' उनको भनाइ उद्धृत गर्दै परिषद्का एक सदस्यले भने ।

> ⏭ संवैधानिक परिषद् अध्यक्षको रूपमा वालेन्द्रलाई नचिन्दिने भनाइ
>
> ⏭ संवैधानिक निकायमा नियुक्ति गर्दा परिषद् सदस्यहरूसँग संवाद नगरेको गुनासो
>
> ⏭ आफूले व्यक्तिगतरूपमा संवादको प्रयास गरेको प्रधानमन्त्रीको जवाफ

प्रधानमन्त्रीको जवाफप्रति पुनः प्रतिक्रिया दिँदै आङ्देम्बेले त्यसो भए विपक्षी नेता, सभामुख र राष्ट्रिय सभा अध्यक्षसँग प्रत्यक्ष संवाद गर्नु उपयुक्त हुने धारणा राखे । 'प्रधानन्यायाधीशलाई किन बोलाउनुहुन्छ तपाईं ? प्रमुख विपक्षी नेता, प्रतिनिधिसभाका सभामुख र राष्ट्रिय सभा अध्यक्षलाई बोलाएर छलफल गर्न सक्नुहुन्थ्यो,' उनले भने ।

आङ्देम्बेले प्रधानमन्त्री र संवैधानिक परिषद्का अध्यक्षका रूपमा शाहसँग चिनजानसम्म नभएको पनि बताए । 'तपाईंले संवैधानिक परिषद्का सदस्यहरूबीच चिया खाएर शिष्टाचार कायम राख्दा पनि हुन्थ्यो । त्यसो भएको छैन ।

⏭ क्रमशः पृष्ठ २ मा

वालेन्द्र सरकारको १०० दिन

# 'ब्याक गियर' लगाउँदै अघि बढ्दै

■ प्रभाव संवाददाता



काठमाडौं– सुशासन र भ्रष्टाचार अन्त्यका लागि जेन-जी विद्रोहको बलमा बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकारले आज (शनिबार) १०० दिन पूरा गरेको छ ।

गत वर्ष भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहले दिएको जनादेशअनुसार गत फागुन २१ गते भएको निर्वाचनमा रास्वपाले १८२ सिट पायो । लगत्तै रास्वपाका वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वमा शक्तिशाली सरकार गठन भयो । सामान्यतः नयाँ सरकारका लागि १०० दिनको समयलाई 'हनिमुन पिरियड'को रूपमा लिइन्छ । यो अवधिमा सरकारले कस्तो दिशा पकड्छ भन्ने अनुमानसमेत गरिन्छ ।

पुराना दलको शासन सञ्चालन गर्ने तौरतरिकाबाट वाक्क नागरिकले यो सरकारले नागरिकका अपेक्षा पूरा गर्न तीव्र गतिमा काम गर्ने आशा गरेका थिए । नागरिकको भरोसा बन्ने प्रयास चितवन महाधिवेशनमा पुगेर प्रधानमन्त्री शाहले पनि गरे । उनले त्यहाँ सरकार 'एक्सप्रेस वे'मा कुदिरहेको र गन्तव्यमा नपुगी 'ब्रेक' नलाग्ने दाबी गरे । 'पार्टीप्रति धेरैले चिन्ता व्यक्त गर्नुभएको छ । हाम्रो गाडी लोकल सडकमा होइन, एक्सप्रेस वे'मा कुदिरहेको छ । गन्तव्यमा पुगेपछि मात्र रोकिन्छ,' असार ७ गते भरतपुरमा उनले भनेका थिए ।

तर उनले भनेजस्तो गति र मति भने सरकारले लिएको देखिँदैन । आफ्नै गतिविधिका कारण वालेन्द्र पटक-पटक 'ब्याक गियर' लगाउन बाध्य भएको तथ्यहरू यी हुन्:

### मन्त्रिपरिषद् नै छ पटक पुनर्गठन

वालेन्द्र मन्त्रिपरिषद्ले विभिन्न बहानामा छ पटक मन्त्रिपरिषद् पुनर्गठन गर्‍यो । यो अवधिमा दीपककुमार साह विवादमा मुछिएपछि श्रम मन्त्रालयबाट बिदा हुनुपर्‍यो भने गृहमन्त्रीबाट राजीनामा दिएका सुधन गुरुङ चोखिएर फेरि मन्त्रालय फर्किसकेका छन् । गुरुङलाई चोख्याउन सरकारले नियोजित छानबिन समिति गठन गरेको थियो । जुन समितिको प्रतिवेदन आजसम्म सार्वजनिक गरेको छैन ।

वालेन्द्रले प्रधानमन्त्रीको शपथ लिएसँगै १५ सदस्यीय मन्त्रिपरिषद् गठन गरेको थिए । उक्त मन्त्रिपरिषद्को तेस्रो वरीयतामा गृहमन्त्री सुधनलाई राखेका थिए । तर, उनलाई अघिल्लो वरीयतामा राखिएपछि रास्वपा र सरकारभित्रै असन्तुष्टि देखियो । त्यसलाई सम्बोधन गर्दै प्रधानमन्त्री शाहले वैशाख २४ गते वरीयता हेरफेर गरे । त्यसपछि तेस्रो नम्बरका गृहमन्त्री गुरूङ पाँचौं नम्बरमा पुगे ।

त्ससँगै, मन्त्रीहरू सुनिल लम्साल, सोविता गौतम, सीता बादी, प्रतिभा रावल, निशा मेहता, सस्मित पोखरेल, खड्कराज तिमिल्सिना, विक्रम तिमिल्सिना, गीता चौधरी, दीपककुमार साहको वरीयता हेरफेर भएको थियो । त्यतिमात्रै होइन, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी पाएका साहलाई मन्त्रीबाट हटाउनुपर्ने परिस्थिति बन्यो । साह मन्त्री बनेसँगै यसअघि उनले एमबिबिएस परीक्षा पास गराइदिने भन्दै ठगी गरेको विषय चर्चामा आएको थियो । स्वास्थ्य बिमा बोर्डबाट बाहिरिएकी उनकी पत्नी जुनु श्रेष्ठ साह मन्त्री भएपछि एकाएक बैठकमा भाग लिन गएकी थिइन् । सोही प्रकरणमा साहको मन्त्री पद खुस्कियो ।

### सुधनलाई चोख्याएर फर्काइयो गृहमन्त्रालयमै, प्रतिवेदन गुपचुप

गृहमन्त्री सुधन सम्पत्ति विवरण सार्वजनिक भएसँगै विवादमा परे । विवादास्पद व्यवसायी दीपक भट्टसँग गुरूङको सेयर साझेदारीको विषय सार्वजनिक भयो । गृहमन्त्रीमाथि सम्पत्ति शुद्धीकरणको आरोपमात्रै लागेन, यसअघिको सरकारमा बिचौलियाको भूमिका निर्वाह गरेका व्यक्तिसँग आर्थिक लेनदेनको फेहरिस्त पनि समाचार बने । कानुन कार्यान्वयन गराउने भूमिका निर्वाह गर्नुपर्ने गृहमन्त्रीकै क्रियाकलापमा प्रश्न उठेपछि प्रधानमन्त्री शाहले उनलाई राजीनामा दिन लगाए ।

⏭ क्रमशः पृष्ठ २ मा

### 'सुशासन अहिलेको प्राथमिकता'



सत्तारुढ दल रास्वपाका सभापति रवि लामिछानेले सरकारको १०० दिनमा सुशासनको सुरूआत भएको बताएका छन् । 'तत्काल देखिने नतिजाहरूमा पनि काम निरन्तर भएकै छ । सुशासन सरकारको अहिलेको प्राथमिकता हो । जहाँ नागरिकको भीड हुन्छ, जहाँ आमनागरिकले सेवा प्राप्त गर्ने हुन्छ, तिनलाई डिजिटल, तिनलाई होम डेलिभरी अथवा तिनलाई कम झण्झटिलो बनाउने क्रमको सुरुवात भएको छ,' सभापति लामिछानेले भने ।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भ :वैदेशिकरोजगार

ठगीविरूद्ध कारबाही तीव्र

## एकैदिन २५ मुद्दा दर्ता, १९ जनाविरूद्ध पक्राउ पुर्जी

■ प्रभाव संवाददाता

काठमाडौं– वैदेशिक रोजगारीमा ठगी गरेको अभियोगमा एकै दिन २५ वटा मुद्दा दर्ता भएको छ । वैदेशिक रोजगार विभागको मुद्दा तथा अनुसन्धान शाखाले शुक्रबार उक्त संख्यामा मुद्दा दर्ता गरेको युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले जानकारी दिएका छन् ।

मन्त्री यादवको सचिवालयको फेसबुक पेजबाट शुक्रबार सार्वजनिक विवरणअनुसार वैदेशिक रोजगारीमा पठाउने बहानामा ठगी गर्ने आठ जना अभियुक्तलाई शुक्रबार पक्राउ गर्नुका साथै १९ जनाविरुद्ध पक्राउ पुर्जी जारी गरिएको छ ।

'वैदेशिक रोजगारीका नाममा सोझासाझा श्रमिकलाई ठग्ने र कानुन उल्लंघन गर्नेहरूमाथि सरकारले आफ्नो निगरानी र कारबाहीलाई तीव्र बनाएको छ,' मन्त्री यादवको सचिवालयको पोस्टमा भनिएको छ, 'म्यानपावर कम्पनीहरूको गतिविधिमाथि पनि सरकारले कडा नजर राखेको छ ।'

विभागको संस्था अनुगमन शाखाले शुक्रबार तीनवटा म्यानपावर कम्पनीलाई विभिन्न विषयमा पत्राचार गर्दै सचेत गराएको जनाइएको छ । विभागले ४७ वटा म्यानपावर कम्पनी र सात वटा पूर्वप्रस्थान अभिमुखीकरण तालिम प्रदायक संस्था (पिडिओटी)को नवीकरण गरे पनि उनीहरूको कार्यशैलीमाथि निरन्तर अनुगमन भइरहेको मन्त्री यादवले उल्लेख गरेका छन् ।

'पीडितको उद्धार र राहतमा सक्रियता ठगीमा परेका र समस्यामा परेका श्रमिकहरूको हकमा सरकारले आजै (शुक्रबार) दुई जनाको उद्धार गरेको छ भने पाँच वटा उजुरीको फर्स्योट गरेको छ,' मन्त्री यादवको फेसबुक पोस्टमा उल्लेख छ, 'श्रमिकलाई विदेशमा नै सम्झौताबमोजिमको सेवा सुविधा दिलाउन विभागले दुई वटा ठोस प्रतिबद्धतासमेत प्राप्त गरेको छ ।'

मन्त्री यादवले वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन कुनै पनि कसर बाँकी नराख्ने र श्रमिक ठग्ने जोकोहीलाई पनि कानुनको कठघरामा उभ्याउने चेतावनीसमेत दिएका छन् ।

## श्रमिकलाई आर्थिक भार थप्ने प्रणाली खारेज गर्न संघको माग

काठमाडौं (प्रस)– नेपाल वैदेशिक रोजगार व्यवसायी संघले श्रमिकलाई अतिरिक्त आर्थिक भार थप्नेगरी लागू गरेका प्रणाली खारेजीका लागि पहल गर्न सरकार र सम्बन्धित गन्तव्य मुलुकहरूको ध्यानाकर्षण गराएको छ । संघले शुक्रबार प्रेस विज्ञप्ति प्रकाशित गर्दै यस्तो माग गरेको हो ।

विशेषगरी संयुक्त अरब इमिरेट्स (युएई) जाने नेपाली श्रमिकका लागि प्रहरी चारित्रिक प्रमाणपत्र प्रमाणीकरणका नाममा भइरहेको अतिरिक्त आर्थिक भार, साउदी अरब जाने श्रमिकमाथि आर्थिक बोझ थप्ने सीप प्रमाणीकरण (एसभिपी) प्रणाली, तथा स्वास्थ्य परीक्षणका नाममा देखिएका एकाधिकार पूर्ण अभ्यासहरू तत्काल पुनरवलोकन गरी खारेज गर्न संघले माग गरेको छ ।

'नेपाल सरकार, युवा, श्रम तथा रोजगार मन्त्रालय, सम्बन्धित सरकारी निकायहरू तथा सम्बन्धित श्रम गन्तव्य मुलुकहरूको गम्भीर ध्यानाकर्षण गराउँदछौं,' संघले भनेको छ, 'संघ सदैव पारदर्शी, प्रतिस्पर्धात्मक, श्रमिकमैत्री तथा शून्य एकाधिकारमा आधारित वैदेशिक रोजगार प्रणालीको पक्षमा दृढतापूर्वक उभिने प्रतिबद्धता व्यक्त गर्दछ ।'

श्रमिकको हक, हित र सम्मानको संरक्षण गर्दै सुरक्षित, मर्यादित र सहज वैदेशिक रोजगार प्रणाली निर्माणका लागि संघ निरन्तर सक्रिय रहने संघका अध्यक्ष डिकबहादुर खत्री र महासचिव हिराबहादुर डाँगीको संयुक्त हस्ताक्षरमा जारी विज्ञप्तिमा उल्लेख छ ।


विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस प्रभाव राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम भुक्तानीका लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही मिति २०८३ असार २५ गतेभित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस प्रभाव राष्ट्रिय दैनिकको रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लेखा शाखा

प्रभाव पब्लिकेसन प्रा.लि.

सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email:Marketing2prabhab@gmail.com

## पृष्ठ १ बाट क्रमशः

## ब्याक गियर...

मन्त्रीको रूपमा एक महिना पनि काम नगरी वैशाख ९ मा गुरूङले पदबाट राजीनामा दिए । तर, प्रधानमन्त्री शाहले पनि छानबिनपछि उनैलाई मन्त्री बनाउने आशा देखाएका थिए ।

गुरूङमाथि छानबिन गर्न प्रधानमन्त्रीले निकै ढिलो गरेर वैशाख २८ गते उच्च अदालतका पूर्वन्यायाधीश अच्युतप्रसाद भण्डारी अध्यक्ष, महालेखा नियन्त्रक शोभाकान्त पौडेल र सहन्यायाधीवक्ता अच्युतमणि नेउपाने सदस्य रहेको समिति गठन गरेको थियो । उक्त समितिले जेठ २२ गते प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाएको थियो भने प्रतिवेदन सार्वजनिक नगरी दराजमा थन्क्याएर शाहले २६ जेठ गुरुङलाई गृहमन्त्रीमा पुनः नियुक्त गरे । प्रधामन्त्री वालेन्द्रले गुरूङमाथि भएको छानबिन प्रतिवेदन अहिलेसम्म सार्वजनिक गरेका छैनन् ।

### बचाऊ गर्दै ठिक्क

प्रधामन्त्री वालेन्द्र र मन्त्रीहरू निकै आक्रामक अभिव्यक्ति दिन्छन् । पछि सोही अभिव्यक्तिको बचाउमा रास्वपाका नेता कार्यकर्ता लागेका देखिन्छन् । बजेटमा कर हेरफेरका साथै विभिन्न विषय हेरफेरको आरोपमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पटक-पटक बचाउ गरेका छन् । जसका कारण उनले पत्रकारहरूले 'माइक्रोसफ्ट वर्ड'समेत चलाउन नआउने अभिव्यक्ति दिएका छन् ।

यता भौतिकमन्त्री सुनिल लम्सालले ठेकेदारको खुट्टा भाँच्ने अभिव्यक्ति दिँदा रास्वापाका नेताहरूले भने नाच्दै कम्मर भाँच्ने वा मर्काउने अभिव्यक्ति दिएपछि विवादमा तानिए । प्रधानमन्त्री शाह आफैं नेपालले भारतको सीमा मिचेको अभिव्यक्ति दिएर विवादमा तानिए ।

### सदनमा रास्वपाकै कब्जा

सदनलाई प्रतिपक्षको भनिन्छ । जवाफका लागि सदनमा प्रतिपक्षले प्रधानमन्त्री खोज्दा रास्वपा सांसदहरूले प्रतिपक्षमाथि दादागिरी प्रस्तुत गरेका छन् भने सभामुख डोलप्रसाद अर्यालले पनि नुनको सोझो गर्दै रास्वपाप्रति नरम देखिएका छन् ।

### प्रतिशोधको राजनीति

पहिलो कार्यकालमा राजनीतिक प्रतिशोध साँध्दै पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीदेखि पूर्वगृहमन्त्री रमेश लेखकसम्मलाई पक्राउ गरेका गृहमन्त्री गुरुङ सामाजिक सञ्जालबाट 'काउन्टडाउन' गर्थे । विवादित व्यवसायी भट्टसँग नाम जोडिएसँगै राजीनामा दिएपछि पुनः चोखिएर आएका गुरुङ हिजोआज चुपचाप देखिन्छन् ।

सरकार गठन भएको भोलिपल्टै चैत १४ गते एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री ओली र कांग्रेसका नेता एवं पूर्वगृहमन्त्री लेखकलाई पक्राउ गरियो । भदौ २३ र २४ मा भएको जेन-जी आन्दोलनको जाँचबुझ गर्न गठित गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयनको क्रममा उनीहरूलाई पक्राउ गरिएको भनिएको थियो । तर, सरकारले ओली र लेखकविरूद्ध अदालतमा मुद्दा नै दर्ता गर्न सकेन ।

ओली र लेखकको बन्दी प्रत्यक्षीकरण रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले चैत २३ मा चौथोपटक म्याद नथप्न र अनुसन्धान पूरा नभएमा हिरासतमुक्त गरेर थप अनुसन्धान र तहकिकातको काम सम्पन्न गर्न परमादेश दिएको थियो । त्यसपछि, चैत २६ मा प्रहरीले ओली र लेखकलाई हाजिरी जमानीमा छाड्ने निर्णय गर्‍यो । यो घटनाले दुई नेतालाई राजनीतिक प्रतिशोधको आधारमामात्रै पक्राउ गरेको देखियो । सरकारले कार्की आयोगको प्रतिवेदनसमेत सार्वजनिक गर्न सकेको छैन ।

### अध्यादेशबाटै शासन

सरकारले आफ्नो १०० दिने कार्यसूचीमा १२ वटा कानुन बनाउने प्रतिबद्धता जनाएको थियो । तर सरकारले सुरूमै धमाधम अध्यादेश ल्याएर हुकुमी शासन सुरू गर्‍यो । सरकारले यो बीचमा संसद् छलेर आठ वटा अध्यादेश ल्यायो । जसमा सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेश, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको अध्यादेश, सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश रहेको छ ।

स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ लाई संशोधन गर्न बनेको अध्यादेश र सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको अध्यादेश रहेका छन् । यो अध्यादेश प्रतिस्थापन विधेयकमार्फत ऐनमा रूपान्तरित हुने संसदीय प्रक्रियामा छ । यसैलाई सरकारले उपलब्धि मानेको छ ।

**राहदानी ठेक्कापट्टमा पार्टीभित्रै विवाद**

विद्युतीय राहदानी छपाइको ठेक्का प्रकरणमा प्रधानमन्त्री शाहको टिम र सभापति लामिछानेको टिमबीच विवाद भएको छताछुल्ल भएको छ । अहिले राहदानी उपलब्ध गराइरहेको फ्रान्सेली कम्पनीलाई नै ठेक्का दिलाउने प्रपञ्चसहित प्रधानमन्त्री शाहको सचिवालयले अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख र अन्य आयुक्तहरू, परराष्ट्र मन्त्रालयका सचिव र राहदानी विभागका अधिकारीलाई असार १ गते प्रधानमन्त्री कार्यालयमा ढोका थुनेर गालीगलौज गर्‍यो ।

६४ लाख थान पासपोर्ट छाप्न दुई जर्मन कम्पनीलाई दिइएको ठेक्का रद्द गराएर फ्रान्सेली कम्पनी आइडिमियालाई नै दिन प्रधानमन्त्रीको सचिवालयले योजनाबद्धरूपमा काम गरेको थियो । राहदानी विभागका तत्कालीन महानिर्देशक तीर्थराज अर्याल र निर्देशक सुनिल केसीलाई प्रधानमन्त्री कार्यालयबाटै अख्तियारको जिम्मा लगाइयो । प्रधानमन्त्री कार्यालयकै दबाबमा अख्तियारले सात दिनमा अदालतमा मुद्दा दर्ता गर्‍यो ।

यो प्रकरण पार्टी सभापति लामिछानेको हस्तक्षेपपछि साम्य भएको छ । वालेन्द्रको टिमले १६ दिनसम्म गिजोलेको पासपोर्ट प्रकरणमा परराष्ट्रमन्त्री शिशिर खनालले जर्मन कम्पनीकै सिस्टमबाट राहदानी छाप्ने प्रक्रिया अघि बढाएपछि प्रधानमन्त्रीको टिम पछि हट्न बाध्य भएको छ ।

### सुकुमबासी समस्या समाधानमा आनाकानी

सुकुमबासी समस्या सल्टाउने बताएको सरकार अझै अलमलमा देखिन्छ । वैशाख १२ गते काठमाडौंका विभिन्न स्थानमा डोजर चलाएर सुकुमबासीको बास भत्काएको सरकारले उनीहरूलाई होल्डिङ सेन्टरमै अलपत्र पार्ने काम गरेको छ । यता १०० दिने काम देखाउन बिहीबार बर्दियाको बढैयातालमा २९ जनालाई भने लालपुर्जा बाँड्यो । नदी किनारबाट जबर्जस्ती हटाएका सुकुमबासीहरूलाई उपत्यकाका विभिन्न 'होल्डिङ सेन्टर' मा राखे पनि अहिले व्यवस्थापन गर्नुको सट्टा त्यहाँबाट पनि निकाल्ने तयारी गरेको छ ।

■■■

## सुशासन...

आएका सुझावको आधारमा केही कमीकमजोरी रहेछ भने सच्चाएर अघि बढ्ने बताए । लामिछानेले थपे, 'अब असल नियतका साथ गरिएका कतिपय कामहरूमा कहिलेकाहीँ प्रक्रियागत ढङ्गले कहीँ कहीँ कमजोरीहरू जहिले पनि हुन्छन् । सरकारले त्यसलाई रियलाइज गर्‍यो कि गरेन, करेक्सन गर्‍यो कि गरेन त्यो महत्त्वपूर्ण कुरा हो । आगामी दिनमा त्यस्ता कमीकमजोरीहरू भएका रहेछन् भने त्यसलाई भविष्यमा नदोहोरिउन् भन्ने कुरामा सचेत रहँदै अगाडि बढ्छौं ।'

■■■

## प्रधानमन्त्रीको...

प्रधानमन्त्री र संवैधानिक परिषद्का अध्यक्षको हिसाबले हाम्रो चिनजान नै भएको छैन । व्यक्तिगतरूपमा त चिन्छु,' उनले भने, 'अस्ति पनि यही कुरा भनेको थिएँ, अहिले पनि अवस्था उस्तै छ । तेस्रोपटक यस्तो नहोस् ।'

उनले राष्ट्रपति र प्रमुख विपक्षी नेतासँग प्रधानमन्त्रीको संवादहीनताप्रति पनि असन्तुष्टि जनाए । 'हामीबीच संवादहीनता छ । राष्ट्रपति र प्रधानमन्त्रीबीच पनि संवादहीनता छ । अब संवैधानिक परिषद्मा पनि त्यही अवस्था देखिन थालेको हो कि, या नियत नै त्यस्तो हो ?,' आङ्देम्बेले सोधे ।

बैठकमा एजेण्डागत छलफलपछि आङ्देम्बेले पूर्वी नेपालको जनजीवनसँग जोडिएको भौतिक पूर्वाधारसँग सम्बन्धित विषयमा प्रधानमन्त्री शाहको ध्यानाकर्षण गराएका थिए । उनले तमोर कोरिडोरअन्तर्गतका खोलाहरू (नावा, रगुवा, छरुवालगायत)मा पुल निर्माणको काम छिटो सम्पन्न गर्न, राँके-रवि-६ नम्बर बुधबारे-भेडेटार सडक खण्डको निर्माणलाई तीव्रता दिनका लागि स्थलगत अनुगमन गर्नुपर्ने बताएका थिए । साथै, माइखोला-इलाम खण्डमा वर्षेनी सडक भासिने समस्याको दीर्घकालीन समाधानका लागि पक्की पर्खाल निर्माण वा वैकल्पिक मार्ग निर्माणबारे कदम चाल्नुपर्ने बताए । जवाफमा प्रधानमन्त्री शाहले भौतिक पूर्वाधारमन्त्री सुनिल लम्साललाई तत्काल स्थलगत अनुगमन गर्न निर्देशन दिइसकेको जानकारी दिए ।

# काठमाडौं उपत्यकामा मेलम्चीको पानी आपूर्ति बन्द, मनसुन सकिएपछि पथान्तरण

**काठमाडौं** (प्रस)– मेलम्ची खानेपानी विकास समितिले काठमाडौं उपत्यकामा मेलम्चीको पानी आपूर्ति बन्द गरेको छ । समितिले शुक्रबार विज्ञप्ति जारी गर्दै मनसुन अवधिभरका लागि बन्द गरिएको जानकारी दिएको हो ।

यस वर्ष मनसुन सक्रिय भएसँगै मेलम्चीको मुहान क्षेत्रभन्दा माथिल्लो भागमा रहेका पहिरो, गेग्रान तथा बाढीका कारण सुरुङभित्र माटो, ढुंगा र लेदो प्रवेश गर्ने जोखिम बढेकाले मनसुन अवधिभर मेलम्ची खानेपानी आयोजना बन्द गर्न लागिएको समितिले जनाएको छ । समितिका सूचना अधिकृत मधु तिमल्सेनाले नदीमा पानीको धमिलोपन पानी प्रशोधन केन्द्रको क्षमताभन्दा बढी हुने अवस्था सिर्जना हुनसक्ने भएकाले सुरुङको सुरक्षालाई ध्यानमा राखी पानी पथान्तरण रोकिएको जानकारी दिए ।

'निरन्तर वर्षाका कारण मेलम्ची खानेपानी आयोजनाको मुहान क्षेत्रभन्दामाथि भ्रमाथाङमा अत्यधिक मात्रामा रहेको गेग्रान तथा हेडवर्क्सभन्दा माथि रहेको पहिरोहरू जुनसुकै बेला बगेर सुरुङभित्र छिर्न सक्ने अवस्था भएको र नदीमा पानीको मात्रा बढ्नाले कर्मचारीहरूको आवतजावत गर्न असहज भएको छ,' उनले भने, 'बाढीका कारण पानीमा भएको धमिलोपना पानी प्रशोधन केन्द्रको प्रशोधन क्षमताभन्दा बढी भई सुरूङ गेट खोल्ने र बन्द गर्नुपर्ने अवस्था सिर्जना हुँदा टनेलको संरचनामा असर पुग्ने भएकाले र सुरङभित्र जमेको लेदो समयसमयमा सफा गरी सुरूङ 'इन्सपेक्सन' समेत गर्नुपर्नेलगायत कारणले आयोजना आजदेखि बन्द भएको हो ।'

तिमल्सेनाका अनुसार हाल वैकल्पिक प्रणालीमार्फत पानी पथान्तरण भइरहेको र अत्यधिक वर्षाका कारण हुनसक्ने सम्भावित जोखिमलाई न्यूनीकरण गर्न तथा विगत चार वर्षदेखि सुरूङको सफाइ, मर्मत र निरीक्षण पनि नभएको हुँदा सो अवधिमा यी कार्यहरू पनि सम्पन्न गर्न केही अवधिका लागि सुरूङ बन्द गर्नुपरेको छ ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०३/२० गते**

यस कम्पनीको मिति २०८३/०३/१४ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **सहज सेवा सीप विकास केन्द्र प्रा.लि.** को नाम परिवर्तन गरी **भुमरिमाई मल्टीपर्पोज कम्पनी प्रा.लि. (दर्ता नम्बर २५८६९२)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०३/१६ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लाागि यो सूचना प्रकाशित गरिएको छ ।

### दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभाग काठमाडौंको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०३/२०**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजतपत्र प्राप्त संस्था **Young Manpower Pvt. Ltd. (ई.प.नं. १०४७/०७३/७४) ले लुम्बिनी प्रदेश रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं.०९ मा संचालित शाखा कार्यालयको ठेगाना लुम्बिनी प्रदेश कपिलवस्तु जिल्ला कपिलवस्तु न.पा. वडा नं.०१ मा कायम गरि पाउँ भनी** निवेदन यस विभागमा दिएको हुँदा संस्थाको माग बमोजिम ठेगाना स्थानान्तरणको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०३/१८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम ठेगाना स्थानान्तरणको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८३/०३/२०**

**रियल एडभेन्चर नेपाल प्रा. लि.** को मिति २०८३/०३/०४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेपाल लक्जरी जर्निज प्रा. लि. (दर्ता नं. ६३१५२)** कायम गर्ने गरी मिति २०८३/०३/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८३/०३/२०**

**अनप्लान होटल प्रा. लि.** को मिति २०८३/०३/०८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **होटल अनप्लान पोखरा प्रा. लि. (दर्ता नं. ३९४९४५)** कायम गर्ने गरी मिति २०८३/०३/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्रि सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०३/२०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रमा काठमाडौ तराई मधेश द्रुतमार्ग सडक आयोजनाले नियमानुसार कटान गरी हस्तान्तरण गरी घाटगद्दीमा लट बनाई राखिएको साल समेत विभिन्न जातको गोलिया थान ६१७ को ३०३४.५९ घनफिट काठ तथा साल जातको दाउरा ३७.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**इन्द्रज्योति सामुदायिक वन उपभोक्ता समूह**
**मकवानपुरगढी–०१, मकवानपुर**

### वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्रि सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०३/२०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८०/०८१ र आ.व. २०८१/०८२ मा उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान १०६ को ११२९.०५ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७० को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**हिमचुली सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–०४, मकवानपुर**

### युएइमा रोजगार

कम्पनी : ELRACE CONS & GEN.CONT

पूर्व स्वीकृति मिति : २०८२/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१९ | LT. No. 336512 | चलानी नं. ६०२५०५०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labours | 2 | 0 | 1500 | ६२,१५५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician. | 3 | 0 | 1500 | ६२,१५५ | | | | | | | |
| 3 | Labour | 32 | 0 | 1500 | ६२,१५५ | | | | | | | |
| 4 | Mechanics Air Condition | 22 | 0 | 1500 | ६२,१५५ | | | | | | | |
| 5 | Messenger | 1 | 0 | 1500 | ६२,१५५ | | | | | | | |
| 6 | Painter (Building/wall) | 4 | 0 | 1500 | ६२,१५५ | | | | | | | |
| 7 | Plumber | 6 | 0 | 1500 | ६२,१५५ | | | | | | | |
| 8 | Reinforce Fitters | 31 | 0 | 1500 | ६२,१५५ | | | | | | | |
| 9 | Supervisor (General) | 14 | 0 | 2000 | ८२,८७० | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः सुनसरी, इटहरी, सुनसरी मल्टिपल ट्रेनिङ सेन्टरमा मितिः २०८३ असार २६ गते (10th Jul. 2026) मा हुनेछ ।
धनुषा, जनकपुर, फ्रेन्डसिप ट्रेनिङ सेन्टर, / मधेश ट्रेनिङ सेन्टर/ जे श्री राम ट्रेनिङ सेन्टरमा मितिः २०८३ असार २७ गते (11th Jul. 2026) मा हुनेछ ।
धनुषा, जनकपुर, JIT ट्रेनिङ सेन्टर / भिजन एण्ड भ्यालु इन्सिटिट्युट ट्रेनिङ सेन्टरमा मितिः २०८३ असार २८ गते (12th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Govt. License No. 1405/074/75
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339,
Bhupendra lal Karna : +9779802358805, E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

### डिभिजन वन कार्यालय कैलालीको काठ दाउरा लिलाम बिक्री सम्वन्धि सूचना

**प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति (२०८३/०३/२०)**

डिभिजन वन कार्यालय कैलाली अन्तर्गत चुरे गा.पा. -०४ र ०२ स्थित रामसिताखाली, बालुवागडा, ग्वारखोला, बाहुनडेरा, जमानीबास, बाँसखोला राष्ट्रिय वन क्षेत्रबाट आ. व. २०८२/०८३ मा ढलापडा तथा सुख्खाखडा रूखहरु संकलन भई सव डिभिजन वन कार्यालय खैराला अन्तर्गत र चुरे १ चोट्टेमा घाटगद्दी रहेको खयर गोलिया काठ ३४६१.२७ क्यु. फिट र सिसौ गोलिया काठ २४०१.७३ क्यु. फिट सिसौ दाउरा २.५५ चट्टा लिलाम विक्री गर्नु पर्ने भएको हुँदा उक्त काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि शिलवन्दी वोलपत्रद्वारा लिलाम विक्री गर्नु पर्ने भएकोले खयर प्रजाति वाहेकको गोलिया काठको हकमा मूल्य अभिवृद्धि करमा दर्ता भई सुचिकृत भएका स:मिल काष्ठ व्यवसायीहरूले र खयर गोलिया काठको हकमा मूल्य अभिवृद्धि करमा दर्ता भई सुचिकृत भएका कत्था उद्योगहरूले मात्र यो सूचना प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र श्री वन निर्देशनालय, सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली वा यस कार्यालयवाट बोलपत्र खरिद गरि शिलवन्दी वोलपत्र २२(वाईसौ) दिनमा दिनको ३:०० वजेभित्र डिभिजन वन कार्यालय कैलालीमा दाखिला गर्न यो सुचना आव्हान गरिन्छ । यस सम्वन्धि विस्तृत विवरण सहितको जानकारीको सूचना यस कार्यालय तथा सम्बन्धित अन्य कार्यालयको सूचना वोर्डमा टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शनिबार, २० असार, २०८३

| राशि | फल |
|---|---|
| मेष | नयाँ कामको अवसर मिल्न सक्छ। आर्थिक पक्षमा सुधार हुनेछ । परिवारको सहयोग प्राप्त हुनेछ । |
| वृष | व्यवसाय र जागिरमा प्रगति हुने दिन छ। पुरानो रोकिएको काम अघि बढ्ने सम्भावना छ । |
| मिथुन | आत्मविश्वास बढ्नेछ । अध्ययन, लेखन र सञ्चार क्षेत्रमा सफलता मिल्ने योग छ । |
| कर्कट | घरपरिवारसँग सम्बन्धित जिम्मेवारी बढ्न सक्छ । भावनामा बगेर निर्णय नगर्नुहोस् । |
| सिंह | छोटो यात्रा वा महत्वपूर्ण भेटघाटको सम्भावना छ । नयाँ योजना सुरु गर्न दिन राम्रो छ । |
| कन्या | आर्थिक लाभका अवसर देखिन्छन कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुन सक्छ । स्वास्थ्य सामान्य रहनेछ । |
| तुला | नयाँ काम सुरु गर्न वा निर्णय लिन अनुकूल समय छ । परिवारबाट साथ र सहयोग मिल्नेछ । |
| वृश्चिक | गोप्य योजना अरूसँग साझा नगर्नुहोस ध्यान र विश्रामले मानसिक शान्ति मिल्नेछ । |
| धनु | मित्र तथा सहकमीबाट सहयोग प्राप्त हुनेछ। आम्दानीका नयाँ स्रोत खुल्न सक्छन् । |
| मकर | पेशागत क्षेत्रमा राम्रो उपलब्धि मिल्ने सम्भावना छ । वरिष्ठ व्यक्तिको सहयोग प्राप्त हुनेछ । |
| कुम्भ | अध्ययन, वैदेशिक योजना वा लामो यात्राका विषयमा सकारात्मक संकेत देखिन्छ । |
| मीन | साझेदारी तथा आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१<br>६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२० असार, २०८३ (४ जुलाई २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.१६ | १५१.७६ |
| युरो | १ को | १७२.२८ | १७२.९७ |
| पाउन्ड स्टिर्लङ | १ को | २००.०७ | २००.८६ |
| स्विस फ्रैन्क | १ को | १८६.७० | १८७.४४ |
| अस्ट्रेलियन डलर | १ को | १०४.०६ | १०४.४७ |
| क्यानाडियन डलर | १ को | १०६.१७ | १०६.५९ |
| सिङ्गापुर डलर | १ को | ११६.७५ | ११७.२२ |
| जापानी येन | १० को | ९.३१ | ९.३५ |
| चिनियाँ युआन | १ को | २२.२८ | २२.३७ |
| साउदी अरब रियाल | १ को | ४०.२४ | ४०.४० |
| कतारी रियाल | १ को | ४१.४७ | ४१.६३ |
| थाई भाट | ख १ को | ४.५५ | ४.५७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.१६ | ४१.३२ |
| मलेसियन रिङ्गेट | १ को | ३७.०० | ३७.१५ |
| दक्षिण कोरियन वन | १०० को | ९.७५ | ९.७८ |
| स्विडिस क्रोनर | १ को | १५.५२ | १५.५८ |
| डेनिस क्रोनर | १ को | २३.०५ | २३.१४ |
| हङकङ डलर | १ को | १९.२८ | १९.३५ |
| कुवेती दिनार | १ को | ४९०.९४ | ४९२.८९ |
| बहराइन दिनार | १ को | ४००.९३ | ४०२.५२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# सरकारले विज्ञापन नीति नसच्याए सशक्त आन्दोलन गर्ने महासंघको चेतावनी



**ललितपुर (प्रस)**– नेपाल पत्रकार महासंघले सरकारी सञ्चार माध्यममामात्रै सरकारी सूचना प्रकाशन गर्ने सरकारी निर्णय नसच्याइए सशक्त आन्दोलनमा उत्रिने चेतावनी दिएको छ ।

महासंघको ललितपुर शाखाले ललितपुर महानगरपालिकाको सहयोगमा आयोजना गरेको स्थानीय तथा विकास पत्रकारिता तालिमको उद्घाटन कार्यक्रममा बोल्ने वक्ताहरूले सरकारले चैत १८ गते गरेको निर्णय प्रेस स्वतन्त्रता र लोकतान्त्रिक मूल्यमान्यताविपरीत रहेको बताएका हुन् ।

महासंघका कोषाध्यक्ष रामकृष्ण अधिकारीले सरकारी सञ्चार माध्यममामात्रै सरकारी सूचना प्रकाशन गर्ने नीति निजी सञ्चार माध्यमलाई कमजोर बनाउने उद्देश्यले ल्याइएको आरोप लगाए । 'सरकारी सञ्चारमाध्यममा मात्रै सरकारी सूचना प्रकाशन गर्ने नीति लोकतान्त्रिक मूल्य र मान्यताविपरीत छ,' उनले भने, 'सरकारले निर्णय नसच्याए महासंघ आन्दोलनलाई अझ सशक्त बनाउने छ ।' उनका अनुसार उक्त निर्णयविरुद्ध थप रणनीति तय गर्न महासंघले असार २१ गते ललितपुरमा जिल्ला अध्यक्षहरूको भेला बोलाएको छ ।

ललितपुर शाखाका अध्यक्ष रामहरि कार्कीले नियमनका नाममा निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापनबाट वञ्चित गर्न नहुने बताए । उनले निजी सञ्चारमाध्यमले पनि सरकारी विज्ञापन पाउनु अधिकार भएको उल्लेख गर्दै सरकारलाई निर्णय सच्याउन आग्रह गरे ।

ललितपुर महानगरपालिकाका प्रवक्ता राजु महर्जनले लोकतन्त्रमा कुन सञ्चारमाध्यमले सरकारी विज्ञापन पाउने भन्ने निर्णय राज्यले गर्न नमिल्ने बताए । उनले सबै सञ्चारमाध्यमप्रति समान व्यवहार हुनुपर्ने धारणा राखे । आयोजकका अनुसार तीन दिनसम्म सञ्चालन हुने तालिममा स्थानीय तथा विकास पत्रकारिताका विविध विषयमा प्रशिक्षण दिइने छ ।

## बिमालेख हरायो

मिति २०८३/०३/०५ गते मेरो निम्न व्यहोरा भएको **एल. आई. सी. नेपाल लिमिटेड**को बिमालेख हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**नामः पुजा केसी**
**बिमालेख नं.: १००११३७९२**
**ठेगानाः जावलाखेल-०४, ललितपुर**
**सम्पर्क नं.: ९८०८८८१२६९**

## मोटरसाइकल हराएको सूचना

मिति २०८२।०४।२० गते काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं.७ चावहिलमा पार्किङ गरी राखिएको अवस्थामा बजाज कम्पनीको कालो/रातो रङ्को पल्सर २२० सि.सि.को मोटरसाइकल अन्दाजी रातको ११:०० बजेदेखि १२:३० भित्रको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनीको नाम : प्रताप राई
बाइक नं. : प्र.१-०२-०५७ प. ३८०६
च्यासिस नं. : MD2A13EX9SCL80346
इन्जिन नं. : DKXCSL07657
सवारी मोडल नं. : 2025
ठेगाना : केपिलासगढी गा.पा.-३, खोटाङ
सम्पर्क नं. : ९८५२८४४५५०

## काठ लिलाम बिक्री सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०३/२०**

कञ्चनपुर जिल्ला वेदकोट नगरपालिका -०२ जडेपानी स्थित जनचेतना सा.व.उ.स को वन क्षेत्रबाट उत्पादन भई सा.व.उ.स. को घाटगद्दीमा राखिएको कुल २७८ गोलिया थानको परिमाण ९१८.७९ क्यूफिट खयर जातको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा बिक्री गर्नुपर्ने भएकोले खयर काठमा सुचिकृत ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरीद गरी २२औं दिनमा दिउँसो ठिक १ बजेभित्र बिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**कमलापति जोशी**
**(अध्यक्ष)**
**सम्पर्क नम्बर : ९७६११८४०९०**

## काठ लिलाम बिक्री सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०३/२०**

कञ्चनपुर जिल्ला वेदकोट नगरपालिका- ७ र ८ स्थित अमर सा.व.उ.स को वन क्षेत्रबाट उत्पादन भई सा.व.उ.स. को घाटगद्दीमा राखिएको कुल ३४८ गोलिया थानको परिमाण १२०७.८० क्यूफिट खयर जातको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा बिक्री गर्नुपर्ने भएकोले खयर काठमा सुचिकृत ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरीद गरी २२औं दिनमा दिउँसो ठिक १ बजेभित्र बिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा।व।उ।स। को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा।व।उ।स। को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**मोहन बहादुर चन्द**
**(अध्यक्ष)**
**सम्पर्क नम्बरः ९८६८३२८९२४**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रि सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०३/२०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान १२४ को ११७२.४७ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**कालेश्वर सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-९, मकवानपुर**

# मनसुनजन्य विपद् व्यवस्थापनका लागि १० हजार प्रहरी 'स्टचाण्डबाइ'

**काठमाडौं–** नेपाल प्रहरीले मनसुनजन्य विपद्का घटनाहरूमा जनधनको क्षति हुन नदिन र उद्धारलाई प्रभावकारी बनाउन पूर्वतयारी सम्पन्न गरेको छ। विपद्को अवस्थामा तत्काल परिचालन हुनेगरी प्रहरी हेडक्वार्टरदेखि चौकीस्तरसम्मका प्रहरी एकाइमा आवश्यक उपकरणसहितको जनशक्ति तयारी अवस्थामा राखिएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण 'मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३' स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। सोही कार्ययोजनाबमोजिम नेपाल प्रहरीले 'विपद् मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८३' निर्माण गरी कार्यान्वयनमा ल्याएको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिए। उनले विपद् व्यवस्थापनमा प्रभावकारी जनशक्ति परिचालन र कुशल उद्धारका लागि आवश्यकताअनुसार अन्य सम्बन्धित निकायहरूसँग समन्वय गरिएको जानकारी दिए।

प्रवक्ता काफ्लेले भने, 'विशेषगरी मनसुनजन्य विपद् हुनसक्ने जोखिमयुक्त क्षेत्र र सुरक्षित स्थानको जिल्लागत रूपमा पहिचान, विपद्को प्रकृतिअनुसार उद्धार सामग्रीको मर्मतसम्भार र तत्काल परिचालन हुनेगरी प्रहरी चौकीस्तरसम्मका प्रहरी एकाइहरू तयारी हालतमा रहेका छन् ।'

विपद्को अवस्थामा तत्काल परिचालन हुनेगरी विपद् प्रतिकार्य तथा तालिम केन्द्रमा दुई प्लाटुन र प्रदेश प्रहरी विपद् व्यवस्थापन गुल्ममा एक-एक प्लाटुन उद्धार टोली २४सै घण्टा उपकरणसहित तैनाथ रहेका उनले जानकारी दिए ।

विपद् प्रतिकार्यका लागि १० हजार ८५ जना प्रहरीलाई तत्काल परिचालित हुनसक्नेगरी तयारी हालतमा राखिएको छ । प्रभावकारी खोज तथा उद्धार एवं व्यवस्थापनका लागि नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र र प्रदेश प्रहरी विपद् व्यवस्थापन गुल्महरूले आवश्यकताअनुसार तत्काल वा चरणबद्ध रूपमा प्रहरी परिचालन गर्ने छन् । प्रवक्ता काफ्लेले भने, 'मनसुन तथा भारी वर्षाको जोखिमलाई ध्यानमा राखी सबै सुरक्षा निकायहरूको सहभागितामा मनसुनजन्य उद्धार अभ्यासहरू गरिएको छ । जनधनको क्षति न्यूनीकरणका लागि बृहत्रूपमा सामुदायिक सचेतना कार्यक्रमहरू सञ्चालन गरिएको छ ।'

विपद् व्यवस्थापनमा त्रुटिरहित कार्यसम्पादन गर्न प्रहरी कर्मचारीलाई विपद् उद्धारसम्बन्धी अनुशिक्षण प्रदान गरिएको उनले बताए। प्रहरी अस्पताल, प्रदेश प्रहरी अस्पताल, सूचना तथा प्रविधि निर्देशनालय, सवारी महाशाखा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालय र नेपाल प्रहरी केनाइन कार्यालयको जनशक्तिलाई तयारी अवस्थामा राखिएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ। *रासस*

## ककनी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**रानीपौवा, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

**ककनी गाउँपालिका भएर बग्ने कोल्पू खोला, चाउथे खोला, घट्टे खोला, झाक्री खोला, दोभान खोला, छहरे खोला, मझुवा झलटोल खोला, लाकुरे सिमल ढुंगेन खोला र सिन्दुरे खोला किनारबाट दिगो रूपमा ढुङ्गा, गिट्टी र वालुवा उत्खनन तथा संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारीको सिलसिलामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धि सार्वजनिक सूचना**
**(प्रकाशित मितिः २०८३/०३/२०)**

बागमती प्रदेश, नुवाकोट जिल्ला, ककनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रानीपौवा नुवाकोट द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ककनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रानीपौवा, नुवाकोट<br>सम्पर्क नं:- ०१०-०४११०२२, ४११०५५ ईमेलः info@kakanimun.gov.np |
| प्रस्तावको व्यहोरा | ककनी गाउँपालिका भएर बग्ने कोल्पू खोला, चाउथे खोला, घट्टे खोला, झाक्री खोला, दोभान खोला, छहरे खोला, मझुवा झलटोल खोला, लाकुरे सिमल ढुंगेन खोला र सिन्दुरे खोला किनारका विभिन्न बगर क्षेत्रहरूबाट दैनिक १०० देखि ३०० घ.मि. सम्म ढुङ्गा, गिट्टी र बालुवा उत्खनन तथा संकलन तथा निकासी गर्ने योजना रहेको छ |
| प्रभाव पर्न सक्ने क्षेत्रहरूको विवरण | नुवाकोट जिल्ला, ककनी गाउँपालिका वडा नं २,३,४,५,७ र ८ |

माथि उल्लेखित व्यहोराको प्रस्तावको कार्यान्वयनबाट प्रस्तावित क्षेत्रको भौतिक तथा रासायनिक वातावरण, जैविक वातावरण, सामाजिक-आर्थिक वातावरणमा के कस्तो प्रभाव पर्दछ भनि एकिन गर्न प्रस्तावकले प्रारम्भिक वातावरणीय परिक्षण (Initial Environmental Examination) प्रतिवेदन तयारीको सिलसिलामा उल्लेखित प्रस्तावको कार्यान्वयन गर्दा प्रभावित हुने स्थानीय समुदाय तथा स्थानीय तहका प्रतिनिधिहरूलाई समेत सहभागी गराइ सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले यस प्रस्तावसँग सरोकार राख्ने सरोकारवालाहरूलाई निम्न मिति, स्थान र समयमा उपस्थित हुन अनुरोध गर्दै यो सुचना प्रकाशित गरिएको छ।

**सार्वजनिक सुनुवाई हुने मिति, स्थान र समय**

| मिति | समय | स्थान |
|---|---|---|
| २०८३/०३/२७ | दिउँसो १ बजे | गाउँपालिकाको कार्यालय |

## कुवेतमा रोजगार
**कम्पनी : AL-RAED SECURITY CO.**

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१९ | LT. No. 334770 | चलानी नं. ६०२४८४३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 41 | 0 | 125 | ६१,३२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २७ गते (11th Jul. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FEWA OVERSEAS PVT. LTD**
1559/079/80
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9827644060, 9801854048, 9844024322 9813432386, 9827644060, 9825201309 Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np

## मलेसियामा रोजगार
**कम्पनी : AA SAWIT SDN. BHD.**

पूर्व स्वीकृति मिति : २०८३/०३/१५ | LT. No. 344125 | चलानी नं. ६०२५६७८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Oil palm worker | 50 | 0 | 1700 | ६३,६५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार २७ गते (11th July 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
श्रम ईजाजत नं. ७८८/०६५/०६६
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851040203, 9851419911
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com

## आवश्यकता

**(प्रथम पटक प्रकाशित मिति २०८३।०३।२०)**

मनाङ जिल्ला नाशों र चामे गाउँपालिका स्थित निर्माण हुन गईरहेको मनाङ मर्स्याङ्दी जलविधुत आयोजना को लागि निम्न संख्यामा प्राविधिक तथा दक्ष कामदारहरूको आवश्यकता परेको हुँदा इच्छुकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र उल्लेखित ठेगानामा आवदेन दिनुहुन अनुरोध छ ।

| सि. नं. | पद | संख्या | योग्यता र अनुभव | काम गर्नुपर्ने क्षेत्र तथा स्थान | कार्यरत रहने अवधि | तलव स्केल | संलग्न कागजातहरू |
|---|---|---|---|---|---|---|---|
| १. | General Manager | 1 | Bachelor's I Associate Degree or Equivaleirt, More than 7 years of relevant experience | काठमाडौं तथा आयोजना स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरू |
| २. | Deputy General Manager | 1 | Bachelols I Associate Degree or Equivalent, 5 years of relevant experience | काठमाडौं तथा आयोजना स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरू |
| ३. | Department Manager of Engineering Management | 1 | Bachelols in Engineering/ Associare Degree or Equivalent, 3 years of relevant experience | काठमाडौं तथा आयोजना स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरू |
| ४. | Department Manager of Planning and Contract | 1 | Bachelols / Associate Degree or Equivalent, 3 years of relevant experience | काठमाडौं तथा आयोजना स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरू |
| ५. | Department Manager of Finance | 1 | CA/ ACCA/ Bachelols Degree in Account/ Finance/ Associate Degree or Equivalent, 3 years of relevant experience | काठमाडौं तथा आयोजना स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरू |
| ६. | Deputy Department Manager of Engineering Management | 1 | Bachelor's in Engineering/ Associate Degree or Equivalent, I year of relevant experience | काठमाडौं तथा आयोजना स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरू |
| ७ | Administrative Management Post | 1 | Bachelorrs / Associate Degrec or Equivalent, 2-3 years of relevant experience | काठमाडौं तथा आयोजना स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरू |
| ८ | Secretary of Archives Management Post | 1 | Bachelols / Associate Degree or Equivalent, 2-3 years of relevant experience | काठमाडौं तथा आयोजना स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरू |
| ९ | Public Relations Management Post | 1 | Bachelo/s / Associate Degree or Equivalent, 2-3 years of relevant experience | काठमाडौं तथा आयोजना स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरू |

Note: Fluent in Chinese and English language would be highly preferable

सम्पर्क ठेगाना :- **१) मनाङ मर्स्याङ्दी हाइड्रोपावर क. प्रा. लि.**
Sanepa 02, Lalitpur, Nepal, Email Address : hrmcps05@gmail.com

## धितो लिलामी गर्ने बारे ७ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८३/०३/२० गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले चावहिल शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा तरताकेता साथै मिति २०८१/०४/२० गते नागरिक दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना तथा मिति २०८१/१२/०७ गते नागरिक दैनिक पत्रिकामा धितो लिलाम गर्ने बारे ३५ दिने सूचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धी ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ती यस बैंक आफैले गैह्न बैकिङ्ग सम्पत्तीको रुपमा सकार गरी लिने व्यहोरा समेत सम्बन्धीत सबैलाई जानकारी गराईन्छ। धितो लेखि दिएको सम्पत्ती लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धीत ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा सूचित गराईन्छ।

**ऋणी संस्थाको नाम : आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**(साविक आइडियल यमुना बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड)**
**रजिष्टर्ड ठेगाना : का.म.न.पा-४, सुकेधारा, काठमाण्डौं ।**
**हालको ठेगाना : का.म.न.पा-४, सुकेधारा, काठमाण्डौं ।** **दर्ता नं: ४३५/०५६/०५७**

**कर्जा उपभोग गर्दाको संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम : कुयाङ छुयाङ दोंजे लामा** (अध्यक्ष/जमानीकर्ता)<br>बाबु : चिनि लामा<br>बाजे : संघे लामा<br>ना प्र नं. : ३४८८-२३५६<br>ठेगाना : घ्याङसुकाठोकर-५, दोलखा | **४) नाम : प्रजुल कुमार गुरुङ्ग कोषाध्यक्ष/जमानीकर्ता)**<br>बाबु : पुर्ण कुमार गुरुङ्ग<br>बाजे : डम्बर बहादुर गुरुङ्ग<br>ना.प्र.नं : १३२९४/४४४२<br>ठेगाना : काठमाण्डौं-९ गल्फुटार, काठमाण्डौं |
| **२) नाम : श्रवण कुमार राई (उपाध्यक्ष/जमानीकर्ता)**<br>बाबु : घनश्याम किरात<br>बाजे : सहर मान राई<br>ना.प्र.नं : २३८६/१४५८०<br>ठेगाना : अन्नपुर्ण-३, भोजपुर | **५) नाम : गोपाल प्रसाद ढकाल (संचालक)**<br>बाबु : निलकण्ठ ढकाल<br>बाजे : टिकाराम ढकाल<br>ना.प्र.नं : ४/३७१<br>ठेगाना : दुधरक्षा-५, रुपन्देही |
| **३) नाम : सुरज व्यञ्जनकार (सचिव जमानीकर्ता)**<br>बाबु : आशाकाजी व्यञ्जनकार<br>बाजे : अस्तमान व्यञ्जनकार<br>ना.प्र.नं : १८३८३<br>ठेगाना : च्यासल-९, ललितपुर | **६) नाम : राधा देवि राई (संचालक /जमानीकर्ता)**<br>बाबु : वीर बाहादुर राई<br>बाजे : धनजे राई<br>ना.प्र.नं : ९३०<br>ठेगाना : वालुवाटार-४, काठमाण्डौं |
| **८) नाम : नमराज तामाङ (सचिव/जमानीकर्ता)**<br>बाबु : गमवीर बहादुर तमाङ<br>बाजे : बखान सिंह तामाङ<br>ना.प्र.नं : २२२२१००१-४२<br>ठेगाना : डाँडाखर्क-९, दोलखा | **७) नाम : धन श्रेष्ठ (संचालक /जमानीकर्ता)**<br>बाबु : पुर्ण श्रेष्ठ<br>बाजे : शेर बहादुर श्रेष्ठ<br>ना.प्र.नं : २२५७६<br>ठेगाना : धापासी-२, काठमाण्डौं |
| **७) नाम : राम बहादुर तामाङ (संचालक/ जमानीकर्ता )**<br>बाबु : हस्त बहादुर तामाङ<br>बाजे : ढमनल सिंह तामाङ<br>ना.प्र.नं : ८७१५ सुनसरी<br>ठेगाना : घ्याङसुकाठोकर-५, दोलखा | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरणः**

१. श्री चिनी लामाको बुहारी श्री कुयाङ छुयाङ दोर्जेको श्रीमती ओखलढुङ्गा जिल्ला पात्तले गा.वि.स. वडा नं. ७ बस्ने श्री मिरा बम्जन को नाममा भूमि प्रशासन कार्यालय चाबहिल काठमाण्डौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला जोरपाटी गा.वि.स. वडा नं. ९ को कित्ता नं.५८६, १७६, २८ र २७ को क्षेत्रफल क्रमश १५.८८ व.मि, १०६२ व.मि, १०८१ व.मि र २२४ व.मि जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. श्री भानुभक्त ढुंगानाको नातिनी श्री विश्वराज ढुंगानाको छोरी उदयपुर जिल्ला कटारी गा.वि.स. वडा नं. ४ बस्ने श्री जानुका ढुंगाना र संघे लामाको नातीनी चिनी लामाको छोरी दोलखा जिल्ला ध्याङसुकाठोकर गा.वि.स वडा नं. ५ बस्ने श्री सरु लामाको संयुक्त नाममा भूमि प्रशासन कार्यालय डिल्लीबजार काठमाण्डौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला का.म.न.पा (डिल्लीबजार)गा.वि.स. वडा नं. ४ को कित्ता नं.१९२ को क्षेत्रफल ०-१३-३-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
३. डिभिजन सहकारी कार्यालय काठमाण्डौं बाट दर्ता रहेको दर्ता नं ४३५/०५६/०५७ दर्ता मिति २०५६/०६/१४ काठमाण्डौं जिल्ला सुकेधारा गा.वि.स वाड नं.४ ठेगाना रहेको श्री यमुना बहुउद्देश्यीय सहकारी संस्था लि.को नाममा भूमि प्रशासन कार्यालय चाबहिल काठमाण्डौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला चपली भद्रकाली गा.वि.स. वडा नं. २ को कित्ता नं. ४७७ को क्षेत्रफल क्रमश ०-३-२-२ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौंमा रहेको **खाता नं. ००१०००१४८६६००००१** मा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै चावहिल शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ती आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणी, धितोधनीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले ७ दिन भित्र बोलपत्र सम्बन्धित शाखा कार्यालय वा केन्द्रिय कार्यालयमा पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय चावहिलमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्ने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि, ऋणी र धितोधनीहरुको रोहवरमा खोलिने छ । उक्त समयमा सम्बन्धीत ऋणी तथा धितोधनीलाई समेत उपस्थीतीको लागि जानकारी गराईन्छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति, नीजको प्रतिनिधि, ऋणी तथा धितोधनी बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) सुरक्षणमा रहेको धितोहरु आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।
(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National | राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय : पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web.: www.ncbl.coop

# कुनै पनि टिम सुरक्षित नरहेको विश्वकप



❑ राजु सिलवाल

> विश्वकप फुटबलको राउण्ड अफ ३२ को समापन सँगसँगै अब अझ कठिन मोड अर्थात् उत्कृष्ट १६ मा प्रवेश गर्दै छ । केही दाबेदार टिम बाहिरिनु तथा अनुमान नगरिएका टिमले विगतमा इतिहास बनाएका टिमहरूलाई दिएको सानदार चुनौतीले फुटबलप्रेमीहरूलाई चकित बनाइदिएको छ । अबका खेलहरु अझ प्रतिस्पर्धात्मक तथा रोचक हुँदै जाने आकलन गरिएको छ । विश्वकपका खेलहरु टिमहरूबीचको आपसी भीडन्तमामात्र सीमित नरही नयाँ इतिहास बनाउने महत्वपूर्ण अवसर भएकाले आगामी खेलका प्रत्येक पल निर्णायक हुने अपेक्षा गरिएको छ ।




फिफा विश्वकप फुटबल प्रतियोगिता नकआउट चरणमा प्रवेश गरेपछि हालसम्म देखिएको नतिजाले कुनै पनि टिम सुरक्षित नरहेको स्पष्ट संकेत देखिएको छ । समूह चरणका खेलहरूको समाप्तिसँगै सुरु भएको नकआउट प्रतिस्पर्धामा देखिएको नतिजाले जुनसुकै सहभागी टिम पनि प्रतियोगिताबाट बाहिरिन सक्ने अवस्था देखिएको छ ।

विगतको विश्वकपका इतिहासलाई ओझेलमा पार्दै नयाँ इतिहास कोर्ने होडमा सहभागी टिमहरू रहेका छन् । यसपटक अनुमान नगरिएका नतिजाहरू पनि देखिएका छन् । विश्वकपको दाबी गर्दै प्रतियोगितामा भिडेका प्रतिस्पर्धी टिमहरूलेसमेत क्वाटरफाइनलसम्म पनि नपुग्दै घर फर्कनुपरेको स्थितिको सामना गर्नुपरेको छ ।

युरोपका दुईवटा शक्तिशाली टिम जर्मनी र नेदरल्याण्डस् एकैदिन पेनाल्टी सुट आउटबाट पराजित भएको घटनालाई विश्वकपको इतिहासमा सामान्य मान्न सकिँदैन । दर्शकहरूले आफ्ना प्रिय टिमलाई गुमाउनुपरेको क्षण पनि पीडादायी रहेको छ । साना राष्ट्रको प्रतिनिधित्व गर्दै विश्वकपको मैदानमा उत्रिएका केही टिमले विशिष्ट पहिचान बनाइसकेका टिमलाई दिएको चुनौतीलाई पनि कम आँक्न सकिँदैन । समूह चरणबाट विजयी भएर अघिल्लो चरणमा पुगेका ३२ टिमको पहिलो नकआउट चरणमा तीव्र प्रतिस्पर्धा भएकाले दाबेदार टिमहरूले आफ्नो पहिलो रोजाइका खेलाडीहरूलाई मैदानमा उतारेको देखियो । खेलको गति पनि छिटो तथा बढी आक्रामक भएकाले दर्शकहरूले पनि खेलाडीहरूको खेलकौशलबाट रोमाञ्चित हुने अवसर पाइरहेका छन् ।

विशेषगरी बरोबर पेनाल्टी सुटआउट तथा कल्पना पनि गर्न नसकिने खालका आकर्षक गोलहरू राउण्ड अफ ३२ चरणका विशेषता बनेका छन् । रेफ्रीले विभिन्न खेलका दौरान गरेका निर्णयसमेत भिडियो एसिस्टेण्ट रेफ्रीले उल्टाएर नतिजालाई समेत प्रभावित गरेको प्रसंग पनि उल्लेखनीय मानिएका छन् ।

## अकल्पनीय पराजय

विगतका वर्षहरूमा जस्तै यसपालि पनि विश्वकपको दाबी गर्दै आएको जर्मनी टिमले छिट्टै घर फर्कनुपर्ने स्थिति आउला भनेर कल्पनासमेत गरेको थिएन । जितेर विजय उत्सव मनाउने लक्ष्य राखेको जर्मन खेलाडीहरूले पराजित भएपछि आफ्नै घरमासमेत विरोधको सामना गर्नुपर्‍यो । चारपटक विश्वकप जितिसकेको जर्मनी गत विश्वकपमा जस्तै यसपटक पनि पहिलो नकआउट चरणमै असफल हुनु दुर्भाग्य ठानिएको छ । विश्वका सफल पुरुष फुटबल टिममध्ये एक मानिएको जर्मनीले विश्वकपमा चार-चार पटक दोस्रो र तेस्रो स्थान पनि प्राप्त गरेको इतिहास छ । पराग्वे र जर्मनीबीच एक-एक गोल भई खेल बराबरीको स्थितिमा भएपछि गराइएको पेनाल्टी प्रहारमा पराग्वे तीन गोलकाविरुद्ध चार गोलले विजयी हुन पुग्यो ।

जर्मनीले विश्वकपका खेलहरूमा आजसम्म पेनाल्टी सुटआउटबाट पराजित हुनु परेको थिएन । जर्मनी पराजित हुनुमा पहिलो गोल पराग्वेका तर्फबाट प्रहार हुनु, सशक्त आक्रमण निरन्तर गर्न नसक्नु तथा गरिसकेको गोल पनि भिडियो एसिस्टेण्ट रेफ्रीको निर्णयले गुम्नुजस्ता मुख्य कारण मान्न सकिन्छ । खेलको निर्धारित समय बराबरमा टुंगिएपछि थपिएको अतिरिक्त समयमा जर्मनीका लागि जोनाथनले हेडद्वारा गरेको गोल रेफ्रीले दिन अस्वीकार गरिएपछि जर्मनीले पेनाल्टी सुटआउटको सामना गर्नुपरेको थियो । वाल्डेमार एन्टोनले पराग्वेको गोलकिपर ओर्लाण्डोगिललाई फल गरेको जनाउँदै गोल दिइएन । अर्को युरोपेली टिम नेदरल्याण्डस् पनि पेनाल्टी सुटआउटमै हार्न पुग्यो । मोरक्को र नेदरल्याण्डबीच एक-एक गोल भई खेल बराबरीको स्थितिमा भएपछि गराइएको पेनाल्टी प्रहारमा मोरक्को दुई गोलकाविरुद्ध तीन गोलको अन्तरले विजयी हुन पुगेको थियो ।

टिमको पराजयपछि नेदरल्याण्डस्का प्रशिक्षक रोनाल्ड कोम्यानले तत्काल राजीनामा दिएर पराजयको जिम्मेवारी लिनुपरेको थियो । बेल्जियमसँगको खेलमा दुई गोल प्रहार गर्नु सफल भइसकेको सेनेगलले आफ्नो अग्रता जोगाउन नसक्दा हार व्यहोर्नुपर्‍यो । बेल्जियमले अतिरिक्त समयमा देखाएको चमत्कारले सेनेगललाई दुई गोलकाविरुद्ध तीन गोलको अन्तरले हराएको थियो । पहिलो नकआउट चरणमा क्यानडाले दक्षिण अफ्रिकालाई शून्यकाविरुद्ध एक गोलले हराएर अर्को चरण प्रवेशको ढोका खोल्यो ।

ब्राजिलले एसियाली टिम जापानलाई एक गोलका विरुद्ध दुई गोलले हराएको थियो । नर्वेले आइभरी कोस्टलाई एक गोलकाविरुद्ध दुई गोलले तथा फ्रान्सले स्वीडेनलाई शून्यकाविरुद्ध तीन गोलले पराजित गर्दै अर्को यात्राको बाटो तय गरेको छ । मेक्सिकोले पनि इक्वेडरलाई शून्यकाविरुद्ध दुई गोलले हराएर राउण्ड अफ ३२ पार गरेको छ ।

प्रतियोगिताको सहआयोजक क्यानडाले कठिन परिस्थितिका बाबजुद दक्षिण अफ्रिकालाई शून्यकाविरुद्ध एक गोलले हराएर अर्को चरणका लागि स्थान निश्चित गरिसकेको छ । मेक्सिकोले इक्वेडरलाई शून्यकाविरुद्ध दई गोलले हराएको थियो । अमेरिकाले १० जना खेलाडीमा सीमित रहेको स्थितिमा पनि बोस्निया हर्जगोभिनालाई शून्यकाविरुद्ध दुई गोलले पराजित गर्दै आगामी यात्रा सुनिश्चित गर्न सफल भयो । स्पेन पनि सशक्तरूपमा प्रस्तुत हुँदै अस्ट्रियालाई शून्यकाविरुद्ध तीन गोलले सजिलैसँग हराउन सफल भयो । यसमा मिकेल ओयारबालले महत्त्वपूर्ण दुई गोल गरेका थिए भने पेड्रो पोरोले एक गोल थपेका थिए । पोर्चुगलले क्रोयसियालाई एक गोलकाविरुद्ध दुई गोलले हराएर आगामी यात्रा सुनिश्चित गरेको छ । एक गोलले पछि परिसकेको पोर्चुगलले क्रिस्टियानो रोनाल्डोको पेनाल्टी गोल तथा र गोलकालो रामोसको खेल समाप्तिको चरणमा रहेको अवस्थाको गोलको मद्दतले जित हासिल गरेको थियो ।

## केही उत्कृष्ट गोल

नकआउट चरणमामा विश्वास गर्न नसकिने खालका कयौं गोल भएका छन् । यसमध्ये पाराग्वेका जुलियो एन्सिसोले जर्मनीविरुद्ध हेड गरेर गरेको गोल उत्कृष्ट मानिएको छ । नर्वेका एण्टोनियो नुसाले आइभोरी कोस्टका रक्षापङ्क्तिका खेलाडीहरूलाई छक्याउँदै टाढाको दूरीबाटै गोल गर्न सफलता प्राप्त गरेका थिए । यो गोल यसपालिको प्रतियोगिताकै हालसम्मकै उत्कृष्ट गोलमा पर्दथ्यो । सेनेगलका इस्माइला सारले बेल्जियमविरुद्ध गरेको गोल पनि प्रशंसनीय थियो । नर्वेका एन्टोनियो नुसाले घुमाउरो प्रहार गर्दै गरेको अनपेक्षित गोलले आइभोरी कोस्ट टिमलाई स्तब्ध बनाएको थियो । फ्रान्सका स्ट्राइकर एम्बाप्पेले स्विडेनविरुद्ध गरेको दुई गोल पनि निक्कै चर्चित हुन पुग्यो । इंगल्याण्डलाई कंगोले कडा चुनौती दिएर एक गोलले पछाडि पारिरहेको अवस्थामा कप्तान हचारी केनले लगातार गरेको दुईवटा आकर्षक गोलले इंगल्याण्डका समर्थकहरूलाई निराश हुनबाट जोगायो ।

> विगतको विश्वकपका इतिहासलाई ओझेलमा पार्दै नयाँ इतिहास कोर्ने होडमा सहभागी टिमहरु रहेका छन् । यसपटक अनुमान नगरिएका नतिजाहरु पनि देखिएका छन् । विश्वकपको दाबी गर्दै प्रतियोगितामा भिडेका प्रतिस्पर्धी टिमहरूलेसमेत क्वाटरफाइनलसम्म पनि नपुग्दै घर फर्कनुपरेको स्थितिको सामना गर्नुपरेको छ ।

## फुटबलमा भिडियो हाबी

शुक्रबार पोर्चुगल र क्रोयसियाबीच भएको खेलको अन्तिम समयमा क्रोयसियाको तर्फबाट भएको गोल भिडियो एसिस्टेण्ट रेफ्रीले 'अफसाइड' जनाएपछि क्रोयसियाले पराजय भोग्नुपरेको थियो । विगतका दुई विश्वकपदेखि लागू गरिएको भिडियो एसिस्टेण्ट रेफ्रीको व्यवस्थाले यसपालि खेलको नतिजालाई नै प्रभावित गरिरहेको देखिएको छ । खेलमा गोल भएको वा नभएको, फाउल, ह्याण्ड अथवा अफसाइडको अवस्थामा भिडियो एसिस्टेण्ट रेफ्रीले हस्तक्षेप गर्नसक्ने नियम रहेको छ । तर अन्तिम निर्णय गर्ने अधिकार मैदानमा कार्यरत रेफ्रीकै हुने गरेको छ । पेनाल्टी गराउने वा नगराउने, रातो कार्ड देखाएर खेलाडीलाई निष्काशित गर्नसक्ने अवस्थासम्म भिडियो एसिस्टेण्ट रेफ्रीले समीक्षा गर्न सक्दछ ।

जर्मनीले पाराग्वेविरुद्ध गरिसकेको गोल पनि भिडियो एसिस्टेण्ट रेफ्रीको निर्णयको कारण गुम्न पुगेको थियो । खेलको निर्धारित समय बराबरमा टुंगिएपछि थपिएको अतिरिक्त समयमा जर्मनीका लागि जोनाथनले हेडद्वारा गरेको गोल रेफ्रीले दिन अस्वीकार गरिएपछि जर्मनीले पेनाल्टी सुट आउटको सामना गर्नुपरेको थियो । वाल्डेमार एन्टोनले पराग्वेको गोलकिपर ओर्लाण्डोगिललाई फल गरेको जनाउँदै गोल दिइएको थिएन । अमेरिका र बोस्निया हर्जगोभिनाबीचको खेलमा अमेरिकी फरवार्ड फोलारिन बालोगनलाई रातो कार्ड देखाई मैदानबाट निकालिएको कारण नै भिडियो एसिस्टेण्ट रेफ्रीको निर्णय थियो । उनलाई रेफ्रीले पहिले देखाएको पहेंलो कार्डको पुनः समीक्षा गरिएपछि रातो कार्ड देखाइएको थियो । मेक्सिकोसँग भएको खेलमा भिडियो एसिस्टेण्ट रेफ्रीको समीक्षापछि इक्वेडर टिम १० खेलाडीमा सीमित भएको थियो । इक्वेडरका रक्षा पङ्क्तिका खेलाडी पिइरो हिनकेपीलाई रातो कार्ड देखाएर निष्काशित गरेपछि इक्वेडर पराजयको बाटोमा पुगेको थियो ।

## खेलले जन्माएको द्वन्द्व

विश्वकपको प्रतिस्पर्धाबाट बाहिरिएका विभिन्न मुलुकका सहरहरूमा समर्थकहरूले पराजित टिमको विरोध भएका छन् । जर्मन फुटबल टिमले तीव्र विरोधको सामना गर्नु परेता पनि जर्मनीमा भने ठूला हिंसात्मक घटना घटेनन् तर युरोपका विभिन्न सहरमा झडपका घटना घटेका छन् । मोरक्कोसँग पेनाल्टी सुटआउटमा नेदरल्याण्डस् पराजित भएपछि हेग, रोटरडमजस्ता सहरमा हिंसात्मक झडप भएका थिए । समूह चरणबाट बाहिरिएपछि स्वदेश फर्केको दक्षिण कोरिया टिमको पनि विरोध गरिएको थियो । यसैक्रममा नाराबाजीसमेत गरिएको थियो । प्रतियोगितास्थल अमेरिकामा पनि खेलका क्रममा केही हिंसात्मक घटना घट्न पुगे ।

## उदाहरणीय टिम

जापानले विश्वकप पाँचपटक जितिसकेको ब्राजिलजस्तो प्रमुख टिमलाई कडा चुनौती दिँदादिँदै पनि विश्वकपको यात्रा टुंग्याएपछि यसपालिको विश्वकपमा सम्झिरहने टिमका रूपमा आफूलाई स्थापित गर्न सफल भएको छ । जापानले खेलेका खेलहरू समाप्त भएपछि रंगशालाका प्याराफिटमा भएका फोहोर सफा गरेर जापानी युवायुवतीले उदाहरणीय कार्य गरेका थिए । विश्वकपजस्तो प्रतिष्ठित प्रतियोगिताबाट बाहिरिनु भनेको त्यति सहज परिस्थिति होइन । यस्तो अवस्थामा विपक्षी टिमसँग आक्रामक हुनु, रेफ्री वा अन्य अफिसियलप्रति नकारात्मक व्यवहार देखाउनु वा रिस प्रकट गर्नेजस्ता कार्य बेलाबखत फुटबलमा देखिनु सामान्य हो ।

जापान नकआउट चरणमा प्रवेश गरेसँगै ब्राजिलसँग पराजित हुनु परे पनि जापानी प्रशिक्षक, खेलाडी तथा जापानी दर्शकहरूले प्रदर्शन गरेको विनम्रता भने साँच्चिकै सम्झनलायक थियो । जापानी प्रशिक्षक हाजिमे मोरियासुले उच्च खेल संस्कारको प्रदर्शन गर्दै रंगशालामा उपस्थित सबैप्रति कृतज्ञता व्यक्त गरेका थिए । जापानी टिमका खेलाडीहरू रोइरहेको अवस्थामा पनि शरीर झुकाएर आभार व्यक्त गरिरहेका थिए । प्रतियोगिता सम्पन्न भएको रंगशालामा खेल हेर्न उपस्थित भएका जापानी दर्शकहरूले पनि रोएरै सहजरूपमा पराजयलाई स्वीकारेको दृष्यले धेरैको आँखा रसाएको थियो ।

विश्वकप फुटबलको राउण्ड अफ ३२ को समापन सँगसँगै अब अझ कठिन मोड अर्थात् उत्कृष्ट १६ मा प्रवेश गर्दै छ । केही दाबेदार टिम बाहिरिनु तथा अनुमान नगरिएका टिमले विगतमा इतिहास बनाएका टिमहरूलाई दिएको सानदार चुनौतीले फुटबलप्रेमीहरूलाई चकित बनाइदिएको छ । अबका खेलहरू अझ प्रतिस्पर्धात्मक तथा रोचक हुँदै जाने आकलन गरिएको छ । विश्वकपका खेलहरू टिमहरूबीचको आपसी भीडन्तमामात्र सीमित नरही नयाँ इतिहास बनाउने महत्त्वपूर्ण अवसर भएकाले आगामी खेलका प्रत्येक पल निर्णायक हुने अपेक्षा गरिएको छ । *रासस*

# आँपको सुगन्धले चिनिएको श्रीपुर गाउँ

■ राजु विश्वकर्मा



**जनकपुरधाम–** गर्मीयाम सुरु हुनासाथ सप्तरीको सुरुंगा नगरपालिका-६ स्थित श्रीपुर गाउँको हावा नै आँपको सुगन्धले भरिन थाल्छ । हरियालीले ढाकिएका बगैंचामा लटरम्म झुण्डिएका पहेँलपुर आँप, बोटमुनि व्यस्त किसान र गाउँमै आइपुग्ने व्यापारीको भीडले श्रीपुरको दैनिकी फेरिँदै गएको छ । यही दृश्यले अहिले श्रीपुरलाई 'आँपको गाउँ'का रूपमा छुट्टै पहिचान दिलाइरहेको छ ।

पूर्व-पश्चिम राजमार्गहुँदै सिरहाको लहानबाट करिब आठ किलोमिटर पूर्व र त्यहाँबाट चुरे क्षेत्रतर्फ करिब एक किलोमिटर उत्तर लागेपछि पुगिने यो गाउँमा आँप केवल फलमात्र होइन, यहाँका वासिन्दाहरूको जीवनको आधार हो । यहाँका अधिकांश परिवारको आयआर्जन, शिक्षा, रोजगारी र आर्थिक गतिविधिको केन्द्रबिन्दु नै आँपखेती बनेको छ ।

गाउँका प्रायः हरेक घरसँग जोडिएका साना-ठूला बगैंचामा माल्दह, दशहरी, लंगडा, चौंसा, बम्बई र अम्रपालीलगायतका जातका आँप फल्छन् । यस गाउँका अधिकांश किसानले दशकौंदेखि आँपखेतीलाई मुख्य आम्दानीको स्रोत बनाएका छन् । साना-ठूला बगैंचासहित धेरै किसानले व्यावसायिकरूपमा सयौं बोट आँप लगाएका छन् । यहाँ माल्दह, दशहरी, लंगडा, बम्बई, चौंसा, अम्रपालीलगायतका जातका आँप उत्पादन हुन्छन् । अनुकूल हावापानी, उर्वर माटो र किसानको अनुभवका कारण यहाँको आँप स्वाद, मिठास र गुणस्तरका हिसाबले बजारमा लोकप्रिय मानिन्छ ।

गर्मी सुरु भएसँगै श्रीपुरका बगैंचामा व्यापारीको चहलपहल बढ्ने गर्छ । व्यापारी गाउँमै पुगेर बोटबाटै आँप खरिद गर्छन् र त्यसपछि उत्पादन जनकपुरधाम, राजविराज, विराटनगर, काठमाडौंलगायतका बजारमा पुग्ने गरेको छ । उत्पादन राम्रो भएका वर्षमा यहाँको आँप भारतीय सीमावर्ती बजारसम्म पनि निर्यात हुने गरेको स्थानीय किसान दिनेश चौधरी बताउँछन् । उनका अनुसार आँपखेतीले गाउँमा नगद आम्दानी भित्र्याउनुका साथै सयौं स्थानीयलाई मौसमी रोजगारी उपलब्ध गराएको छ । आँप टिप्ने, वर्गीकरण गर्ने, प्याकिङ गर्ने र बजारसम्म पुऱ्याउने काममा परिवारका सदस्यदेखि स्थानीय युवासम्मको सक्रिय सहभागिता रहने गरेको छ ।

स्थानीय किसान जगदीश चौधरीका अनुसार आँपखेतीले गाउँको सामाजिक सम्बन्धलाई पनि बलियो बनाएको छ । बगैंचा संरक्षणदेखि फल संकलन र ढुवानीसम्मका काममा सामूहिक श्रम र सहकार्यको संस्कृति विकास भएको उनको भनाइ छ । पछिल्लो डेढ दशकदेखि व्यावसायिकरूपमा आँपखेती गर्दै आएका किसान चौधरीले यस वर्ष करिब सात लाख रूपैयाँ आम्दानी हुने अपेक्षा गरेका छन् । 'एक वर्षमै पाँचदेखि सात लाख रूपैयाँसम्मको आँप उत्पादन हुन्छ भन्ने विश्वास नै थिएन,' उनी भन्छन्, 'उत्पादन बढेपछि थप दुई बिघा क्षेत्रमा आँप विस्तार गर्ने योजना बनाएको छु ।' उनले आँप बिक्रीबाट पक्की घर निर्माण गर्नुका साथै आफ्ना छोराछोरीलाई निजी विद्यालयमा अध्ययन गराउन सफल भएको बताउँछन् । उनका अनुसार आँपखेतीले परिवारको आर्थिक अवस्था उल्लेखनीयरूपमा सुधार भएको छ ।

स्थानीय किसान रामवीर चौधरीले यस वर्ष आँपको राम्रो उत्पादन हुने अपेक्षामा थप बगैंचा खरिद गरेका थिए । तर असिना र हुरीका कारण अपेक्षाभन्दा कम उत्पादन भएको उनको भनाइ छ । 'मौसमले साथ दिएको भए यस वर्ष १२/१३ लाख रूपैयाँभन्दा बढीको आँप उत्पादन हुने थियो,' उनी भन्छन् । बजारमा मूल्य केही घटे पनि यस वर्ष घाटा भने नलागेको उनको कथन छ । गत वर्ष उत्पादन कम भएकाले आँपको मूल्य उच्च रहेको स्मरण गर्दै किसान सञ्जीव चौधरीले यस वर्ष उत्पादन बढेपछि मूल्य घटेको बताउँछन् । 'उत्पादन धेरै भएपछि सस्तो मूल्यमा बिक्री गर्नुपऱ्यो, तर घाटा भने भएन,' उनले भने ।

श्रीपुरका अधिकांश परिवारको नगद आम्दानीको मुख्य आधार नै आँप बिक्री हो । कतिपय परिवारले यही आम्दानीबाट आफ्ना छोराछोरीको शिक्षा, स्वास्थ्य र दैनिक खर्च धान्दै आएका छन् । यद्यपि आँपखेती चुनौतीरहित छैन । असिना, हुरी, लामो खडेरी तथा असमयको वर्षाले उत्पादनमा प्रत्यक्ष असर पार्ने गरेको किसानको अनुभव छ । रोग कीराको प्रकोप, आधुनिक भण्डारण सुविधाको अभाव, प्रशोधन उद्योग नहुनु र बजार मूल्यमा हुने उतारचढावले किसानको आम्दानीलाई अझै अस्थिर बनाइरहेको किसानहरूको भनाइ छ ।

कृषिविज्ञ दिनेश यादवका अनुसार श्रीपुरमा आधुनिक बगैंचा व्यवस्थापन, सिँचाइ विस्तार, कोल्ड स्टोर, प्याकिङ केन्द्र तथा आँप प्रशोधन उद्योग स्थापना गर्न सके यस क्षेत्रको आर्थिक सम्भावना उल्लेखनीयरूपमा बढ्न सक्छ । आँपबाट जुस, पल्प, अचार, सुकुटी आँपलगायत मूल्य अभिवृद्धि भएका उत्पादन विकास गर्न सके किसानको आम्दानी बढ्नुका साथै स्थानीयस्तरमै रोजगारी सिर्जना हुने उनको भनाइ छ । किसानले उन्नत जातका बिरुवा प्रयोग गर्न थालेको, बगैंचा व्यवस्थापन तथा सिँचाइ प्रणालीमा सुधार आएको भए पनि हावाहुरी र रोग कीराको प्रकोपका कारण यस वर्ष उत्पादन घटेको कृषिविज्ञ यादवले बताए ।

पछिल्ला वर्षमा श्रीपुरलाई 'आँपको गाउँ' का रूपमा प्रवर्द्धन गर्ने प्रयास पनि तीव्र बन्दै गएको छ । सरकार पनि सप्तरीलाई आँप पकेट क्षेत्रको रूपमा विकास गर्न थालेको छ । बगैंचा अवलोकन, स्थानीय उत्पादनको प्रदर्शनी र कृषि पर्यटनसँग जोड्ने कार्यक्रम सञ्चालन गर्न सके श्रीपुरले राष्ट्रियस्तरमा छुट्टै पहिचान बनाउन सक्ने सुरुंगा नगरपालिका-६ का वडाध्यक्ष दिनेशकुमार राम बताउँछन् ।

उनका अनुसार प्राकृतिक सौन्दर्य, हरियाली र स्वादिलो आँपले आन्तरिक पर्यटक आकर्षित गर्ने पर्याप्त आधार रहेको छ । किसानको मिहेनत, आधुनिक प्रविधिको प्रयोग, प्रभावकारी बजार व्यवस्थापन र सरकारी सहयोगलाई एकीकृत गर्न सके श्रीपुरले भविष्यमा नेपालको फलफूल उत्पादन र कृषि पर्यटनको सफल नमूनाका रूपमा स्थापित हुने सम्भावना प्रवल रहेको वडाध्यक्ष रामको कथन छ । कृषि ज्ञान केन्द्र सप्तरीका अनुसार सप्तरीमा यस वर्ष आठ हजार ३८७ हेक्टर क्षेत्रफलबाट ७५ हजार ५०० मेट्रिकटन आँप उत्पादन भएको छ ।

तराईको उर्वर भूमि र अनुकूल हावापानीका कारण सप्तरीलाई आँप उत्पादनको केन्द्र मानिन्छ । मिठास र स्वादका लागि देशभर प्रसिद्धि कमाएको सप्तरीको आँपले यस वर्ष पनि किसानलाई राम्रो आम्दानी दिएको छ । प्रदेश सरकारले फलफूलखेती विस्तार, व्यावसायिक बगैंचा प्रवर्द्धन, उन्नत बिरुवा वितरण तथा बजार व्यवस्थापनमा जोड दिँदै आएको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख रोशनकुमार मेहता बताउँछन् । उनका अनुसार उत्पादन घटे पनि दीर्घकालीनरूपमा आँपखेतीको व्यावसायीकरण र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

आँप उत्पादनका लागि अग्रणी मानिएको मधेस प्रदेशमा यस वर्ष आँपखेतीको क्षेत्रफल बढे पनि उत्पादन र उत्पादकत्वमा कमी आएको छ । कृषि विकास निर्देशनालय, नक्टाझिज धनुषाका अनुसार आर्थिक वर्ष २०८२/८३ मा प्रदेशभर ३२ हजार ५७४ हेक्टर क्षेत्रफलमा आँपखेती गरिएको छ । उक्त क्षेत्रफलबाट प्रतिहेक्टर औसत ९.४ मेट्रिकटन उत्पादकत्वका दरले दुई लाख ९४ हजार ५६७ मेट्रिकटन आँप उत्पादन भएको बागबानी अधिकृत किरण विश्वकर्माले जानकारी दिए । अघिल्लो आव २०८१/८२ मा २९ हजार ८८० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ११.४३ मेट्रिकटन उत्पादकत्वका दरले तीन लाख ४१ हजार ४४५ मेट्रिक टन आँप उत्पादन भएको थियो । यस आधारमा हेर्दा चालु वर्ष आँपखेतीको क्षेत्रफल दुई हजार ६९४ हेक्टरले बढे पनि उत्पादन ४६ हजार ८७८ मेट्रिकटनले घटेको देखिएको छ ।

निर्देशनालयका अनुसार यस वर्ष सबैभन्दा बढी उत्पादकत्व बारामा प्रतिहेक्टर १३.८० मेट्रिकटन र सबैभन्दा कम सर्लाहीमा प्रतिहेक्टर ६.२० मेट्रिक टन रहेको छ । जिल्लागतरूपमा सप्तरीमा आठ हजार ३८७ हेक्टर क्षेत्रफलबाट ७५ हजार ५०० मेट्रिकटन, सिरहामा नौ हजार ५० हेक्टरबाट ७२ हजार ४०० मेट्रिक टन तथा रौतहटमा चार हजार ७७० हेक्टर क्षेत्रफलमा ५४ हजार ३७८ मेट्रिकटन आँप उत्पादन भएको छ । त्यसैगरी सर्लाहीमा दुई हजार १०० हेक्टरमा १३ हजार २० मेट्रिकटन, महोत्तरीमा तीन हजार हेक्टरमा २९ हजार ७०० मेट्रिकटन, धनुषामा तीन हजार ३२५ हेक्टरमा २३ हजार २७५ मेट्रिकटन, बारामा एक हजार ४९५ हेक्टरमा २० हजार ६३१ मेट्रिकटन तथा पर्सामा ४४७ हेक्टर क्षेत्रफलमा पाँच हजार ९६३ मेट्रिकटन आँप उत्पादन भएको तथ्यांक छ ।

मधेस प्रदेश मालदह, दशहरी, बम्बई, कलकतिया र आम्रपालीलगायत जातका आँप उत्पादनका लागि परिचित छ । यहाँ उत्पादन हुने आँप प्रदेशभित्रका साथै संघीय राजधानी काठमाडौं र देशका अन्य प्रमुख बजारमा आपूर्ति हुँदै आएको छ । प्रदेश सरकारले फलफूल खेती विस्तार, व्यावसायिक बगैंचा प्रवर्द्धन, उन्नत बिरुवा वितरण तथा बजार व्यवस्थापनमा जोड दिँदै आएको कृषि निर्देशनालयका प्रमुख जितेन्द्र यादवले बताए । उनका अनुसार उत्पादन घटे पनि दीर्घकालीनरूपमा आँपखेतीको व्यावसायीकरण र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ । *रासस*

# विपद् प्रतिकार्यका सेना तयार

**काठमाडौं (प्रस)–** नेपाली सेनाको पूर्वी पृतना र कोशी प्रदेशका १४ जिल्लामा तैनाथ सेनाका युनिटले छैटौं संस्करणको 'अभ्यास मनसुन' सम्पन गरेका छन् ।

विपद् प्रतिकार्य तयारीका लागि कोशीमा मनसुनजन्य बाढी, पहिरो, डुबान, आगलागी, सवारी दुर्घटना तथा अन्य विपद्लाई लक्षित गर्दै सम्पूर्ण सुरक्षा निकायसँग समन्वय गरी उच्च सतर्कतासहित आवश्यक तयारी गरिएको पूर्वीपृतनापति एवं नेपाली सेनाका उपरथी गौरवकुमार केसीले जानकारी दिए ।

मनसुनजन्य विपद्लाई मध्यनजर राख्दै श्री नं १ विपद् व्यवस्थापन गण, काठमाडौंबाट विपद् प्रतिकार्यमा दक्ष जनशक्ति आवश्यक उपकरणसहित इटहरीस्थित पूर्वी पृतनामा तयारी अवस्थामा राखिएको छ । कोशीका सबै जिल्लामा उद्धार टोली २४सै घण्टा तयारी अवस्थामा राखिएको उनले जानकारी दिए । उद्धारका लागि डुंगा, 'लाइफ ज्याकेट', डोरी, 'स्ट्रेचर', 'कटर', सञ्चार उपकरणलगायत अन्य आवश्यक सामग्री व्यवस्थापन गरिएको छ ।

खोज तथा उद्धारमा दक्ष जनशक्तिको परिचालन तथा विपद् परिस्थितिजन्य तालिम तथा अभ्यास सम्पन्न भइसकेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राप्त निर्देशनबमोजिम मनुसन प्रतिकार्य कमाण्ड पोस्ट सबै तहमा स्थापना गरी कार्यान्वयन गरिएको उपरथी केसीले जानकारी दिए ।

प्रदेश, जिल्ला र स्थानीय तहका विपद् व्यवस्थापन समितिसँग समन्वय र सूचना आदानप्रदानको व्यवस्था सुदृढ बनाइएको छ । मौसम पूर्वानुमान तथा बाढीपहिरोसम्बन्धी पूर्वसूचनाको निरन्तर निगरानी गरी आवश्यक परे तत्काल उद्धार तथा राहत परिचालनको तयारी गरिएको छ । प्रभावित क्षेत्रमा खोज, उद्धार, राहत वितरण, सुरक्षित स्थानमा स्थानान्तरण तथा अत्यावश्यक सेवामा सहजीकरण गर्न हेलिकप्टर इटहरीस्थित पृतना हेडक्वार्टरमा 'स्टचाण्डवाइ' रूपमा राखिएको सेनाले जनाएको छ ।

विभिन्न किसिमका सवारी दुर्घटना तथा प्राकृतिक प्रकोपका कारण हुनसक्ने ठूलो हताहतीको अवस्थामा इटहरीस्थित सैनिक अस्पतालबाट छिटो र प्रभावकारी ढंगले स्वास्थ्य सेवा प्रदान गर्न सोसम्बन्धी पूर्वाभ्यास सञ्चालन गरिएको थियो । सेनाले नागरिकलाई आधिकारिक सूचना पालना गर्न, जोखिमयुक्त क्षेत्रमा अनावश्यक आवतजावत नगर्न तथा आपत्कालीन अवस्थामा नजिकको सुरक्षा निकायमा सम्पर्क गर्न आग्रह गरेको छ ।

# केयूको दीक्षान्तमा १५२७ विद्यार्थी दीक्षित

**काभ्रेपलाञ्चोक (प्रस)–** काठमाडौं विश्वविद्यालय (केयू) को ३१औं दीक्षान्त समारोह (दोस्रो चरण) मा विभिन्न विधाका एक हजार ५२७ विद्यार्थी दीक्षित भएका छन् ।

शिक्षा तथा खेलकुदमन्त्री एवं सहकुलपति सस्मित पोखरेलको अध्यक्षतामा काभ्रेपलाञ्चोकको धुलिखेलस्थित उक्त विश्वविद्यालयमा शुक्रबार सम्पन्न समारोहमा दीक्षित हुने विद्यार्थीमध्ये ११.७२ प्रतिशत नेपालबाहेक अन्य सात देशका रहेका छन् ।

समारोहमा पोखरेलले उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गरेका विद्यार्थीलाई प्रमाणपत्र प्रदान गरे । कार्यक्रममा एक हजार ५२७ जना विद्यार्थीमध्ये स्कुल अफ आर्ट्सका १६१, स्कुल अफ एजुकेसनका ११२, स्कुल अफ इञ्जिनियरिङका ३५५, स्कुल अफ लका ४२, स्कुल अफ म्यानेजमेन्टका १४६, स्कुल अफ मेडिकल साइन्सेजका ५०४ तथा स्कुल अफ साइन्सका ३०७ जना दीक्षित भएका छन् ।

यस वर्ष केयूले पहिलोपटक ब्याचलर अफ टेक्नोलोजी-आर्टिफिसियल इन्टेलिजेन्स कार्यक्रमका २६, डक्टर मेडिसिन इन निओनाटालोजीअन्तर्गत तीन तथा मास्टर अफ साइन्स इन मेडिकल बायोकेमेस्ट्री एण्ड मोलिक्यूर बायोलोजीअन्तर्गत चार जना विद्यार्थीलाई विभिन्न उपाधि प्रदान गरिने जनाइएको छ ।

समारोहमा उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गरेका दुई विद्यार्थीलाई स्वर्णपदक प्रदान गरिएको छ । उपकुलपति स्वर्णपदक स्नातक तहमा सबैभन्दा बढी सिजिपिए ३.९९ प्राप्त गरी ब्याचलर अफ इञ्जिनियरिङ इन कम्प्युटर इञ्जिनियरिङ उत्तीर्ण गरेकी रिस्ता श्रेष्ठ तथा महेशनाथ पराजुली स्वर्णपदक स्कुल अफ एजुकेसनअन्तर्गत दुई वर्षे स्नातकोत्तर तहमा सबैभन्दा बढी सिजिपिए ३.९७ प्राप्त गरी मास्टर अफ एजुकेसन इन लिडरसीप एण्ड मेनेजमेन्ट उत्तीर्ण गर्ने अञ्जु कुमारीलाई प्रदान गरियो ।

